# नेपाली काँग्रेस, नेपाली जनसम्पर्क समिति, अष्ट्रेलियाको विधान
# २०६५

## प्रस्तावना

अष्ट्रेलियाका विभिन्न स्थानमा शिक्षा, रोजगारी एवं अन्य पेशा व्यवसाय गरि बसिरहेका समस्त नेपाली नागरिकलाई नेपालको राष्ट्रियता, प्रजातन्त्र एवं समाजवादको सूत्रमा आबद्ध गराई नेपाल र अष्ट्रेलिया बीचको असल सम्बन्धलाई अझ बढी मजबुत बनाउदै अष्ट्रेलियामा वसोवास गरिरहेका नेपालीहरुका व्यक्तिगत तथा सामुहिक हितका साथै नेपालमा लोकतन्त्र, मानवअधिकार, शान्ति र नेपालीहरुको समुउन्नती (आर्थिक र सामाजिक) मा अष्ट्रेलियावाट सहयोग पुर्याउने मुख्य उद्धेश्यले नेपाली कांग्रेस पार्टीसंग आवद्ध सदस्यहरुको उपस्थितिमा १९ जनवरी २००८ मा सिड्नीमा यस नेपाली जनसम्पर्क समिति, अष्ट्रेलियाको स्थापना गरिएको छ । जनसम्पर्क समिति, अष्ट्रेलियाको प्रथम अधिवेशन नेपाली कांग्रेसका महामन्त्री श्री कुल वहादुर गुरुङ्गको उपस्थितिमा ८ नोभेम्बर २००८ मा भएकोमा गर्व गर्दै,

१. नेपाली कांग्रेस पार्टीले अँगाल्दै आएको नेपालको राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र र समाजवादका सिद्धान्तलाई आत्मासात गरि राष्ट्र निर्माणको कार्यमा महान नेपाली सपूत समाज सुधारक महामानव स्वर्गीय श्री विश्वेश्वरप्रसाद कोइरालाज्यूबाट प्रदिपादित आदर्श, सिद्धान्त एवं मार्गदर्शनको अनुशरण गर्दै प्रवासी नेपालीहरूबाट हरेक प्रकारले नेपालको लोकतान्त्रिक आन्दोलन र बिकासमा सहयोग पुऱ्याई अष्ट्रेलियामा नेपाली कांग्रेस को सम्पर्क संस्था भै काम गर्ने ।

२. प्रवासी नेपालीहरूलाई आइपर्ने कुनैपनि सामाजिक, शैक्षिक, सांस्कृतिक, व्यवसायिक एवं राजनैतिक समस्याहरूको समाधान गर्न प्रयासरत रहने तथा उनीहरुको हकहितका लागी क्रियाशिल रहने ।

३. नेपाल र अष्ट्रेलिया बीच निरन्तर रहदैं आएको असल सम्बन्धलाई अझ बढी मजबुत बनाउदै प्रवासी नेपालीहरूको समस्या समाधान गर्न अष्ट्रेलिया सरकार, स्थानिय निकाय, अर्न्तराष्ट्रिय सघं सस्था एवं नेपालका संबन्धित निकायहरूसंग सम्पर्क राखी समस्याको निराकरणतर्फ प्रयास गर्ने ।

४. प्रवासमा रहेर पनि नेपालको राष्ट्रियता, बहुदलिय प्रजातन्त्र एवं नेपाली जनताको सार्वभौम अधिकार, मानव अधिकार एबं मानब मात्रको कल्याणको लागि सम्पूर्ण रुपले क्रियासिल रहने ।

५. प्रवासी नेपाली जनतामा आइपर्ने बिभिन्न दुःख, विपत्ति, दैवी संकट जस्ता अवस्थामा सक्दो सहयोग पुऱ्याउने ।

६. राष्ट्रिय, अन्तर्राष्ट्रिय मावनअधिकारवादी संघ संस्थासंग सम्पर्क कायम गरी नेपालमा मावनअधिकारको सुदृढ एवं प्रवर्धनका लागि कार्य गर्ने ।

*परिच्छेद १*
प्रारम्भिक

## १. संक्षिप्त नाम र प्रारम्भः

यस संस्थाको नाम “जनसम्पर्क समिति, अष्ट्रेलिया” रहनेछ । यसलाई अंग्रेजीमा (People Co-ordination Committee, Australia) छोटकरी मा JSS Aust भनिने छ ।

## २. परिभाषाः

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यो विधानमा,

(क) विधान भन्नाले जनसम्पर्क समिति अष्ट्रेलियाको विधान २०६५ सम्भन्नु पर्दछ ।

(ख) नियमावली भन्नाले यस विधान अन्तर्गत बनेका नियमहरू सम्भन्नु पर्दछ ।

(ग) केन्द्र भन्नाले नेपाली कांग्रेस केन्द्रिय कार्यसमिति तथा कार्यालय लाई जनाउनेछ ।

(घ) संस्था वा समिति भन्नाले जन सम्पर्क समिति, अष्ट्रेलियालाई सम्भन्नु पर्दछ ।

(ङ.) समिति भन्नाले विधानको दफा १३ मा गठित जनसम्पर्क समितिको कार्यसमितिलाई जनाउनेछ ।

(च) क्षेत्रिय समिति भन्नाले यस बिधानको दफा १७ अनुसार गठित समितिलाई जनाउनेछ ।

(छ) तोकिएको वा तोकिएवमोजिम भन्नाले यस विधान अन्तर्गत बनेका नियमहरुमा तोकिए वमोजिम वा समितिको निर्णयबाट तोकिएको वा तोकिए वमोजिम सम्भन्नु पर्दछ ।

(ज प्रवासी नेपाली भन्नाले अष्ट्रेलियामा बसोवास गर्ने नपाली मुलका सबै नेपाली सम्भन्नु पर्दछ ।

(झ) भातृ संस्था भन्नाले यस समिति अर्न्तगत अष्ट्रेलियामा रहने गरि दफा परिच्छेद ५ को दफा १७ मा उल्लेख भए अनुसार गठित संस्थाहरुलाई जनाउनेछ ।

(ञ) सकृय सदस्य भन्नाले जनसम्पर्क समिति, अष्ट्रेलियाको सिफारिसमा नेपाली कांग्रेसवाट सकृय सदस्यता प्राप्त ब्यक्तिलाई जनाउदछ ।

## ३. संगठित प्रजातान्त्रिक सस्था हुने:

(क) यो समिति नेपाली कांग्रेसको एक अभिच्छिन्न उत्तराधिकारवाला संस्थाको रुपमा अष्ट्रेलियास्थित संगठित प्रजातान्त्रिक सस्था हुनेछ ।
(ख) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ ।

## ४. समितिको कार्यालयः

यस समितिको केन्द्रीय कार्यालय अष्ट्रेलियाको सिड्नीमा रहनेछ ।

*परिच्छेद २*
उद्देश्य

## ५. समितिका उद्देश्यहरुः

(क) यस समितिले अष्ट्रेलियास्थित लोकतन्त्रवादी नेपालीलाई एकिकृत गर्दै प्रस्तावनामा उल्लेखित भए अनुसार का मुख्य उदेश्य अनुरुप कार्य गर्नेछ ।
(ख) महिला, बालक, युवक, वृद्ध, शारिरीक एवं मानसिकरूपले असक्त व्यक्ति वा शैक्षिक दृष्टिले पिछडिएका अष्ट्रेलियास्थित नेपाली नागरिकलाई सहयोग र संरक्षणकालागि विशेष प्रयास गर्नेछ ।
(ग) प्रवासी नेपाली समाजका बुद्धिजिवि वर्गलाई भेला गराउने र वैचारिक आदान प्रदान गराउने कार्य गर्ने ।
(घ) प्राकृतिक विपत्ति, दैविक विपत्ति वा अन्य कुनै असाधारण घटना घटेमा कुनैपनि नेपाली, वर्ग विशेषलाई सक्दो सहयोग पुर्‍याउनेछ ।
(ङ) यस समितिको सम्पर्कमा आउने विभिन्न कलाकार, प्रशिक्षित विद्वान र प्रजातन्त्रवादी नेपाली र अन्य देशका विदेशी नेताहरूको भेला गरी नेपालको प्रजातान्त्रिक विकासका लागि वैचारिक आदान प्रदान गराउनेछ ।
(च) नेपालका प्रजातन्त्रवादी राजनितिज्ञहरूलाई आमन्त्रण गरी प्रजातन्त्र, मानवअधिकार, राष्टिय बिकास र सुशासन सम्बन्धि गोष्ठि वा तालिम कार्यक्रमहरु संचालन गर्नेछ ।
(छ) देशभित्र घट्न सक्ने र हुन सक्ने प्रजातन्त्र विरोधी कुनैपनि कार्यहरूको विरुद्धमा अन्तर्राष्ट्रिय स्तरमा आवाज उठाउन प्रयत्न गर्नेछ ।
(ज) लोकतन्त्र, सामुदायिक जनचेतना र नेपाली साहित्यको विकासको लागि समिति निरन्तर प्रयत्नशिल रहनेछ ।
(झ) अन्य सामाजिक कार्यहरु गर्ने ।

*परिच्छेद ३*
सदस्यता

## ६. सदस्यको योग्यता :

नेपालबाट अष्ट्रेलियामा आई रोजगारी, शिक्षा एवं व्यवसाय संचालन गरी बसेका संपूर्ण अष्ट्रेलियावासी नेपालीहरू, जो देशमा नेपाली कांग्रेस पार्टीले अपनाएको राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र, समाजवाद को नीति प्रति आस्था राख्दै नेपालमा बहुदलिय प्रजातन्त्र र मानवअधिकारको संरक्षरण र सम्बर्धन तथा बिधानमा उल्लेखित उद्देश्य प्राप्तिको लागि इच्छा राख्दछन्, सबै यस संस्थाको सदस्य हुन सक्नेछन् ।

## ७. सदस्यको प्रकारः

संस्थामा निम्नलिखित पाँच प्रकारका सदस्यहरू रहने छन् ।

(क) कृयाशिल सदस्यः अष्ट्रेलियामा बसोबास गर्ने नेपाली नागरिक जो राष्ट्र, राष्ट्रियता, बहुदलिय प्रजातन्त्र र समाजवाद एवं नेपाली कांग्रेसको सिद्धान्तप्रति आस्था राख्दछन, लाई कृयाशिल सदस्यता प्रदान गर्न सकिने छ ।
(ख) महाधिवेशनमा भाग लिनको लागि कम्तिमा ३ महिना कृयाशिल सदस्य रहेर समितिको बिधान भित्र रहि संस्थाको निरन्तर बिकास र बिस्तारमा सकृय सहयोग पुऱ्याउनु पर्नेछ । समितिमा सकृय भएको ब्यक्तिलाई नेपालमा नेपाली कांग्रेसको सकृय सदस्यताको लागि सिफारिस गरिनेछ ।
(ग) संस्थागत सदस्यः समान उद्देश्य भएका कुनैपनि संस्थाले यस संस्थाको सदस्यता लिने निर्णय गरी अनुरोध गरेमा कार्यसमितिको निर्णयबाट त्यस्तो संस्थालाई संस्थागत सदस्यता प्रदान गर्न सकिनेछ । यसरी सदस्यता प्राप्त संस्थाको हैसियत क्षैत्रीय समिति सरह हुनेछ ।

## ८. सदस्य शुल्क देहाय बमोजिम हुनेछः

(क) कृयाशिल सदस्य २५ (पच्चिस डलर)
(ख) संस्थागत सदस्य (भातृ संस्था समेत) २०० (दुई सय डलर)

प्रत्येक २ वर्षमा कृयासिल सदस्यले २५ डलर तिरी नविकरण गराउन सक्नेछन । सदस्यता नबिकरण समाप्त भएको सदस्यको हैसियत सुन्य हुनेछ । नविकरण

नभएको ब्यक्तिको सदस्यता स्वतः समाप्त हुनेछ । साथै संस्थागत सदस्य (भातृ संस्था समेत) ले पनि प्रत्येक २ वर्षमा २०० डलर तिरि नविकरण गराउन सक्ने छन् ।

(ग) नेपालमा नेपाली कांग्रेसको सकृय सदस्यता निरन्तर रुपमा भैरहेको सदस्यहरुको हकमा नेपाली कांग्रेस पार्टीवाट बिधिवत् स्थानान्तरण भै आएमा त्यस्ता इच्छुक ब्यक्तिको सकृय सदस्य कायम हुनेछ । तर निजले जनसम्पर्क समितिमा निरन्तर सकृय रही समितिले तोकेको शुल्क भने बुझाउनु पर्नेछ ।

## ९. सदस्य हुनका लागि अयोग्यताः

(क) यस संस्थाको उद्देश्यको प्रतिकूल आचरण गरेमा वा

(ख) संस्थाको नियम उल्लङ्घन गरेवापत निष्काशित भएमा वा

(ग) मगज विग्रिएको व्यक्ति वा

(घ) फौजदारी मुद्दा एवं आतङ्ककारी गतिविधिमा लागेको कुनै अदालतबाट प्रमाणित भएमा ।

## १०. साधारण सदस्यताको समाप्तिः

(क) दफा ९ को अतिरिक्त सदस्यता नबिकरण नभएमा र यस संस्थाको हित विपरित संस्थाको उद्देश्य र लक्ष्यमा प्रतिकूल प्रभाव पार्ने कुनै अभिव्यक्ति गरेमा वा कार्य गरेमा समितिले सदस्यता समाप्त गर्न सक्ने छ । तर यसरी सदस्यता समाप्त गरिएको व्यक्तिलाई सफाईको मौकाबाट वञ्चित गरिनेछैन ।

(ख) यस समितिको सदस्य वा पदाधिकारी भएका ब्यक्ति समानान्तर उदेश्यका लागि वा प्रतिस्पर्धाका लागि खोलिएका सस्थाको सदस्य वा पदाधिकारी भएका निजको पद स्वतह समाप्त हुनेछ ।

*परिच्छेद ४*

अधिवेशन तथा कार्य समिति

## ११. अधिवेशन (गठन विधि):

(क) क्षेत्रिय समितिवाट निर्वाचित प्रतिनिधि र पर्यवेक्षकहरु ।

(ख) वर्तमान कार्यसमितिका पदाधिकारी र सदस्यहरु ।

(ग) भातृ संस्था तथा संस्थागत सदस्य संस्थाहरुवाट आएका निर्वाचित प्रतिनिधि र पर्यवेक्षकहरु ।

(घ) भुतपूर्व सभापतिहरु सहित सहभागी भएको एक अधिवेशन मण्डल गठन हुनेछ ।

(च) अधिवेशन सामान्यतया २ वर्षको एक पटक हुनेछ । तर अधिवेशन प्रतिनिधि संख्याको २५ प्रतिशत सदस्यहरूको लिखित आवेदन परेमा जुनसुकै बेला पनि विशेष अधिवेशन बोलाउनु पर्नेछ । अधिवेशनको गणपूरक संख्या उपस्थित सदस्यको ५१ प्रतिशतलाई मानिनेछ ।

(छ) अधिवेशन तथा विशेष अधिवेशन हुनुभन्दा कम्तीमा ३० दिन अगावै नेपाल भित्रका वा अष्ट्रेलिया स्थित पत्रपत्रिका तथा इलेक्ट्रोनिक संचार माध्यम तथा हुलाक डेलिभरीबाट जानकारी दिनु पर्नेछ ।

(ज) अधिवेशनमा भागलिन योग्य सदस्यले कम्तिमा अधिबेशनको मितिले ३ महिना अगाडिनै सदस्यता नविकरण वा सदस्यता प्राप्त गरेको हुनुपर्नेछ । तर बिशेष परिस्थितिमा कार्य समितिले निर्णय गरि ३० दिन नघट्ने गरि समयको बन्देज घटाउन सक्नेछ ।

## १२. अधिवेशनको काम, कर्तव्य र अधिकारः

(क) कार्य समितिका लागि तोकिए वमोजिमका पदाधिकारी एवं सदस्यहरूको निर्वाचन गर्ने ।

(ख) कार्यसमितिलाई निर्देशन दिने/ नियन्त्रण गर्ने ।

(ग) समितिको बजेट तथा कार्यक्रम माथि छलफल र स्वीकृत गर्ने ।

(घ) संस्थाको वार्षिक प्रतिवेदन माथि विचार विमर्श र पारित गर्ने ।

(ङ.) आवश्यकता अनुसार बिधानमा संशोधन गर्ने ।

## १३. कार्य समिति (गठन विधि):

(क) यस समितिको कार्य सञ्चालनको लागि देहाय वमोजिम पदाधिकारी एवं सदस्यहरू भएको २१ सदस्यीय कार्यसमिति गठन हुनेछ ।

(ख) सभापति, ४ जना उपसभापतिहरु, महामंत्री, सहमहामंत्री, कोषाध्यक्ष तथा ९ जना सदस्यहरुको चयन प्रत्यक्ष निर्वाचनद्वारा हुनेछ ।

(ग) पदाधिकारी तथा सदस्य मनोनित गर्दा अधिवेशनका प्रतिनिधि वा पर्यवेक्षक वा सकृय सदस्यता प्राप्त सदस्यहरु मध्येवाट मनोनित गरिनेछ ।

(घ) उपसभापतिहरुमा १ जना केन्द्रिय उपसभापति र ३ जना क्षेत्रबाट प्रतिनिधित्व गर्नेछन् ।

(ङ) सभापतिले ४ जना कार्यसमिति सदस्य मनोनित गर्न सक्नेछन् ।

## १४. कार्य समितिको बैठकः

(क) सामान्यतया २ महिनामा १ पटक कार्यसमितिको बैठक बस्ने छ । बैठकको सूचना १० दिन अगाबै सदस्यहरूमा सूचित गर्नुपर्नेछ । तर बैठक वस्न अत्यन्त जरुरी भएको समयमा २४ घण्टाको सुचना दिएर सभापतिले समितिको आकस्मिक बैठक बोलाउन सक्नेछ ।

(ख) सभापतिको अनुमतिमा महामन्त्रीले बैठक बोलाउन सक्नेछ ।

(ग) समितिको कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ । तर पहिलो पटक गणपूरक संख्या नपुगि दोस्रो पटक वैठक बस्नुपर्ने भएमा र एक तिहाई सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(घ) कार्य समितिका २५ प्रतिशत सदस्यले बैठक वोलाउन आवश्यक छ भनी लिखित जानकारी गराएमा सभापतिले जानकारी आएको १० दिन भित्र बैठक वोलाउन पर्नेछ ।

## १५. कार्य समितिको काम, कर्तव्य र अधिकारः

(क) अधिवेशनको निर्देशन पालना गर्ने र निर्णय कार्यान्वयन गराउने ।

(ख) उद्देश्य अनुरूप बार्षिक कार्यक्रम बनाई पेश गर्ने, कार्यान्वयन गर्ने, गराउने ।

(ग) वार्षिक प्रतिवेदन, आयव्यय, अधिवेशनमा पेश गर्ने ।

(घ) आगामी कार्यक्रम बनाई अधिवेशनमा पेश गर्ने ।

(ङ) आवश्यकता अनुसार विभिन्न उपसमिति गठन गर्ने, नियमावली बनाउने ।

(च) संस्थागत सदस्यता सम्बन्धी निर्णय लिने ।

(ज) कार्यसमितिलाई समुचित सल्लाह र मार्ग दर्शन दिन सल्लाहकारहरू नियुक्त गर्ने ।

(छ) कार्यसमितिको पदावधि २ वर्षको हुनेछ । तर विशेष परिस्थितिमा नेपाली कांग्रेस केन्द्रिय समितिको स्विकृति लिएर एक पटकमा एक वर्ष म्याद थप गर्न सकिनेछ तर थप अवधि दुई वर्ष भन्दा वढि हुने छैन ।

(ज) कार्य समितिका पदाधिकारी सदस्यहरूको पदावधि निम्न अवस्थामा समाप्त हुनेछ ।

(अ) कार्यसमिति समक्ष राजीनामा दिई राजीनामा स्वीकृत भएमा वा

(आ) लिखित सूचना विना लगातार तीन पटकसम्म समितिको नियमित बैठकमा अनुपस्थित भएमा वा

(इ) संस्थाको सदस्य नरहेमा वा

(ई) स्थायी रुपमा अष्ट्रेलिया छाडी गएमा वा

(उ) संस्थाको उद्देस्य र हित बिपरित आचरण गरेका ठहरिएमा कार्य समितीको दुई तिहाई बहुमतले निष्काशित गर्ने निर्णय गरेमा ।

(ट) कार्यसमितिको कुनैपनि पदाधिकारी वा सदस्यको पद निजको पदावधि समाप्त नहुदै रिक्त हुन आएमा बांकी अवधिका लागिमात्र सभापतिले मनोनयन गर्न सक्नेछ ।

*परिच्छेद ५*

## १६. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः

(क) सभापतिः

(अ) यस संस्थाको कार्यसमिति र उपसमितिहरुको समेत नेतृत्व गर्ने ।

(आ) बैठकको अध्यक्षता ग्रहण गर्ने ।

(इ) बैठक बोलाउन महामन्त्रीलाई निर्देशन दिने ।

(ई) मत बराबर भएमा निर्णायक मत दिने ।

(उ) सदस्यहरूको सल्लाह र सहमतीमा उपसमितिहरूको संयोजक तोक्ने ।

(ऊ) निर्वाचित सदस्यको कार्य विभाजन निश्चित गर्ने ।

(ए) संस्थाको हित, प्रतिष्ठा र सामाजिक सेवाको लागि संस्थाको उद्देश्यमा धक्का नलाग्ने गरी विशेष अधिकारको प्रयोग गर्ने ।

(ऐ) संस्थाको उद्देश्य प्राप्तिको लागि विधानद्वारा निर्दिष्ट गरिएका अन्य कामहरू गर्ने ।

(ओ) समितिको नगद तथा जिन्सीको संरक्षणको लागि आबस्यक निरिक्षण र निर्देशन दिने ।

(औ) खर्च सदर गर्ने ।

(अं) बढिमा २ जना आमन्त्रित सदस्य बोलाउन सक्ने । उक्त आमन्त्रित सदस्यको हैसियत अरु सदस्यहरु समान हुने र उक्त बैठक पछि आमन्त्रित सदस्यको हैसियत समाप्त हुने । तर उक्त सदस्य निर्णय मतदान प्रकृयामा भाग लिन पाउने छैन ।

(ख) उप सभापति

(अ) सभापतिको कार्यमा सहयोग गर्ने ।

(आ) सभापतिको अनुपस्थितिमा सभापतिले गर्ने सम्पूर्ण कार्य निजद्वारा तोकिएको उपसभिापतिले संचालन गर्नेछ ।

(इ) सभापति पद रिक्त हुन आएमा बांकी अवधिका लागि निर्वाचन नभएसम्म उपसभापतिद्वारा कार्यवाहक सभापति भई काम गर्ने ।

(ग) महामन्त्री

(अ) सभापतिको निर्देशन लिई बैठक बोलाउने ।

(आ) समितिका सबै कागजपत्र, माइन्यूटबुक आदिको जिम्मा लिने ।

(इ) समितिले गरेको निर्णय कार्यान्वयन गर्ने ।

(ई) सदस्यहरूमा समन्वय गर्ने ।

(ऊ) संस्थाको उद्देश्यप्राप्तीका लागि अन्य कामहरू गर्ने ।

(ए) समितिको नगद तथा जिन्सीको संरक्षणकोलागी आबस्यक निरिक्षण र समन्वय गर्ने ।

(घ) सह महामन्त्री

(अ) महामन्त्रीको अनुपस्थितिमा महामन्त्रीले गर्नुपर्ने सम्पूर्ण कार्यहरू सभापतिको निर्देशन अनुसार गर्ने ।

(ङ) कोषाध्यक्षः

(अ) कोष तथा सम्पत्तिको संरक्षण र सम्बर्द्धन गर्ने र आम्दानी खर्चको हिसाब चुस्त र दुरुस्त राख्ने ।

(आ) वार्षिक आयव्यय प्रतिवेदन तयार पारी प्रत्येक महाअधिवेशनमा पेश गर्ने ।

(इ) समितिले तोके अनुसार लेखा परिक्षण गराउने ।

(ई) संस्थाको उद्देश्य प्राप्तिको लागि आवश्यक कामहरू गर्ने ।

(उ) समितिको कोषको ब्यवस्थापन गर्ने, खर्च भुक्तानी दिने ।

(ऊ) समितिको सदस्यता शुल्क र अन्य रकम हिनामिना गर्ने समयमा समितिको रकम नवुझाउने सदस्य, क्षेत्रिय समिति, भातृ संस्थाको लगत तयार गर्ने, ताकेता गर्ने, रकम नउठेमा त्यसको बिवरण सहित कारवाहीका लागी अनुसाशन समिति र केन्द्रमा लेखी पठाउने ।

(ए) सदस्यता शुल्क रसिदको बिवरण राख्ने र शुल्क प्राप्त सदस्यहरुको बिवरण तैयार गरि महामन्त्रीलाई दिने ।

(ऐ) प्रत्येक बर्षको अन्तिम कार्यसमितिको बैठकमा त्यस बर्षको आयव्यय विवरण पेश गर्ने ।

(च) सदस्यहरूः

कार्यसमितिको बैठकको एजेण्डाहरूमा मत जाहेर गर्ने, विमर्श गर्ने र निर्णय प्रक्रियामा भाग लिने र समितिको कार्यकमहरु सम्पादन गर्न आवश्यकता अनुसार सहयोग गर्ने ।

(छ) सल्लाहकार समिति सम्वन्धि ब्यवस्थाः

समितिको कार्य समितिलाई सल्लाह, सुझाव र मार्गदर्शन प्रदान गर्नको लागि दुई देखि सात जना सम्मको प्रतिष्ठित, बौद्धिक ब्यक्तित्व तथा पुर्व सभापतिहरु सहितको एक सल्लाहकार समिति को गठन हुनेछ । यस्ता सल्लाहकार समितिमा मनोनित हुने ब्यक्तित्वहरु निम्न अनुसारको योग्यताको हुनु पर्नेछ ।

(क) नेपाली कांग्रेस र यसका भातृ संगठनहरुको जिल्ला समिति वा माथिल्लो तहको समितिमा वा त्यस्तो समितिको प्रत्यक्ष सम्पर्कमा रहि पार्टीको काम गरेको ब्यक्ति वा,
(ख) बिगतमा नेपाली कांग्रेसलाई आर्थिक वा अन्य तवरवाट प्रत्यक्ष सहयोग पुर्‍याएको ब्यक्ति वा
(ग) बिगतमा पार्टीको सिफारिसमा कुनै संस्था वा निकायको प्रमुख भै काम गरेको ब्यक्ति । तर पार्टीको निर्देशन र नेपाली कांग्रेसको आदर्श बिपरित काम गर्ने ब्यक्ति सल्लाकार समितिको लागि अयोग्य हुनेछन् ।
(घ) नेपाली कांग्रेसको सिद्धान्त प्रति निष्ठा राख्ने ख्याति प्राप्त बौद्धिक ब्यक्तित्व ।
यसरी गठित सल्लाकार समितिका सल्लाहकारहरु समितिको कार्य समितिको बैठकमा उपस्थित हुने, छलफलमा भाग लिने, सुझाव र मार्ग निर्देशन दिन सक्नेछन् । अप्ठेरो परिस्थितिको सृजना भै समितिलाई गम्भिर असर पर्न सक्ने वा पर्न गएको अवस्थामा निकासका लागि सल्लाहकार समितिले छुट्टै बैठक वसी समितिको हितलाई ध्यानमा राखि समितिका सभापतिलाई लिखित सल्लाह दिन सक्नेछन् । उक्त लिखीत सल्लाहको बोधार्थ नेपाली कांग्रेस केन्द्रिय कार्यालयमा पेश गर्नुपर्ने छ ।

## १७. क्षेत्रिय समितिहरुको गठन र कार्यबिधि र अधिकार

(क) भौगोलिक दुरीका आधारमा समितिका कार्यहरु बिस्तार गरि प्रभावकारी बनाउन आवश्यक छ भनि कार्य समितिले निर्णय गरेमा क्षेत्रिय समिति गठन गर्न सकिने छ । यस्ता क्षेत्रिय समितिहरु जनसम्पर्क समितिको स्थानिय सम्पर्क समितिको रुपमा कार्य गर्नेछन् ।

(ख) स्थानिय भौगोलिक रुपमा यातायात सुविधा र नेपालीहरुको बसोवासको घनत्वको आधारमा पायक पर्ने क्षेत्रहरुलाई समेट्ने गरि क्षेत्रिय समितिहरु गठन गर्न सकिने छ ।

(ग) क्षेत्रिय समिति गठनको लागि कम्तीमा ५१ जनाले क्रियाशिल सदस्यता लिएको हुनपर्ने छ ।

(घ) क्षेत्रिय समिति आबस्यकता अनुसार ५ देखि ११ जना सम्म पदाधिकारी र सदस्यहरु रहन सक्नेछन् । क्षेत्रिय समितिका सभापति र ५० प्रतिसत सदस्यहरु क्षेत्रिय सभा वाट निर्वाचित हुनेछन् भने अन्य पदाधिकारी र सदस्यहरु क्षेत्रिय सभापतिले मनोनित गर्नेछ ।

(ङ) क्षेत्रीय समितिहरुको क्षेत्रीय अधिवेशन २ बर्षमा एक पटक हुनेछ र सो अधिवेशन समितिको अधिवेशन हुनुभन्दा ३० दिन अगाडीनै सम्पन्न गरि समितिमा जानकारी दिनुपर्नेछ ।

(च) क्षेत्रिय समितिले यस बिधान संग नबाझिने गरि छुट्टै नियम बनाई लागु गर्न सक्नेछन् ।

## १८. क्षेत्रिय समितिको काम कर्तब्य र अधिकारः

(क) केन्द्रवाट र समितिवाट प्रकाशित घोषणपत्र, निति, नियम, साहित्य, पत्रपत्रिका तथा अन्य प्रचार सामाग्रीहरुको बितरण र प्रचार गर्ने ।

(ख) केन्द्र र समितिको निर्देशन पालना र कार्यान्वयन गर्न क्षेत्रिय समितिको कर्तब्य हुनेछ ।

(ग) क्षेत्रियस्तरमा समितिको सदस्यता बितरण गर्ने ।

(घ) क्षेत्रियस्तरमा केन्द्र र समिति द्वारा निर्देशित राजनैतिक तथा सामाजिक कार्यक्रमहरु गर्ने ।

(ङ.) केन्द्र र समितिले लिएका आदर्श र निति बिपरित नहुने गरि स्थानीय तहमा लोकप्रिय हुने खालका सहभागितामुलक कार्यक्रमहरु तय गर्ने र कार्यान्वयन गर्ने ।

(च) सदस्यता लगायत क्षेत्रिय समितिले गरेका उल्लेखनिय कार्यहरुको बिवरण वनाई अर्धवार्षिक रुपमा समितिमा पठाउने ।

(छ) सदस्यता शुल्कवाट उठेको रकमको ५० प्रतिशत रकम क्षेत्रिय समितिले आफ्नो खातामा राख्ने र क्षेत्रिय समितिको प्रयोजनमा खर्च गर्न सक्नेछ र वांकी ५० प्रतिशत रकम समितिमा पठाउन पर्नेछ ।

## १९. क्षेत्रीय अधिवेशनको काम कर्तब्य र अधिकार:

(क) क्षेत्रिय समितिको सभापति र ५० प्रतिसत सदस्यहरु निर्वाचित गर्ने ।

(ख) क्षेत्रिय समितिका कार्यक्रम तथा बजेट माथी छलफल गर्ने ।

(ग) क्षेत्रिय समितिले वनाएका नियमहरु पास गर्ने, संसोधन र खारेज गर्ने ।

(घ) क्षेत्रियस्तरका नेपालीहरुको हितका लागि आवस्यक सहयोगी कार्यक्रम पास गरि कार्यान्वयन गराउने ।

## २०. भातृ संस्था:

केन्द्र तथा समितिले लिएका निति, आदर्श र सिद्धान्त प्रति प्रतिवद्ध भै समितिको सहमतिमा खुलेका महिला, पेशागत, भुपु सैनिक, बिद्यार्थी, मजदुर आदि संस्थाहरु नेपाली जनसम्पर्क समिति, अष्ट्रेलियाका भातृ संस्था हुनेछन् । यस्ता संस्थाहरुको गठन बिधि, काम कर्तब्य र अधिकार सबै क्षेत्रिय समितिको सरह हुनेछ । तर सदस्यता शुल्कको हकमा संस्थागत सदस्यता डलर २०० वुझाउनु पर्नेछ । यस्ता समितिहरु नेपालमा केन्द्रका भातृ संस्थाहरु संग समेत सम्पर्कमा रहि कार्य गर्न सक्नेछन् । यस्ता भातृ संगठनहरुले केन्द्र र समितिको बिधान र नियमावली संग नवाझिने गरि छुट्टै बिधान र नियम वनाई लागु गर्न सक्नेछ ।

## *परिच्छेद ६*
## संस्थाको आर्थिक व्यवस्था र संचालन

## २१. आर्थिक श्रोत:

संस्थाको उद्देश्य परिपूर्तीको लागि संस्थाको एउटा आफ्नो छुट्टै कोष (अक्षय कोष बाहेक) हुनेछ । जसमा देहाय वमोजिमका रकमहरू रहनेछन् ।

(क) दान दातव्य, चन्दाबाट प्राप्त भएको रकम ।

(ख) सदस्यता शुल्कबाट प्राप्त भएको रकम ।

(ग) संस्थाको कृयाकलापबाट आर्जन भएको रकम ।
(घ) अनुदान र सहयोगस्वरूप प्राप्त भएको रकम ।
(ङ) विदेशी संघ संथाबाट प्राप्त भएको रकम ।

## २२. कोष संचालन:

(क) कोषको रकम संस्थाको नाममा बैंकमा जम्मा हुनेछ ।
(ख) आर्थिक कारोवारमा वर्तमान सभापति अनि महामन्त्री र कोषाध्यक्ष मध्ये कुनै एक गरी दुई जनाको हस्ताक्षर रहनु पर्नेछ ।
(ग) यदि अष्ट्रेलियाको कानून बाधक बन्छ भने सभापतिले तोकेको कोषाध्यक्षको नाममा वा कार्यसमितिले चाहेमा सभापतिको नाममा जम्मा हुनेछ ।

## २३. बजेट स्वीकृति:

(क) प्रत्येक आर्थिक वर्षको अनुमानित आयव्ययको बजेट महाधिवेशनमा उपस्थित बहुमत सदस्यबाट पारित हुनु पर्नेछ ।

## २४. लेखा परिक्षण:

(क) प्रत्येक वर्ष यस संस्थाको आर्थिक कारोबारको लेखा परिक्षण गर्न कार्य समितिले एक लेखापरिक्षक नियुक्ति गर्नेछ । उक्त लेखापरिक्षणको प्रतिवेदन साधारण सभा र कार्य समिति समक्ष राख्नुपर्नेछ ।

*परिच्छेद ७*

## २५. अक्षयकोषको स्थापना:

(क) संस्थाको उद्देश्य प्राप्तीको लागि कार्यक्रमहरूमा स्थयित्व ल्याउन एक अक्षयकोषको स्थापना गरिनेछ ।
(ख) कार्यसमितिले बनाएको नियमावली अनुसार अक्षयकोषको संचालन गरिनेछ ।

*परिच्छेद ८*

विविध

## २६. मुल्यांकन तथा अनुशासन उपसमितिः

क) समितिका उपसभापतिको संयोजकत्वमा सदस्यहरु मध्ये दुई जना सहितको एक मुल्यांकन तथा अनुशासन उपसमिति गठन हुनेछ । उक्त समितिले प्रतेक ६ महिनामा कार्यसमितिमा प्रतिबेदन पेश गर्नु पर्नेछ ।

(ख) यस उपसमितिले क्षेत्रिय समिति, संस्थागत समितिहरुको कार्य दक्षता र प्रकृया अनुगमन गरि अवस्यक भएमा सुझाउ दिनेछ ।

(ग) कृयाशिल सदस्यताका लागि पर्नआएका निवेदनहरुमा छानबिन गरि सिफारिस गर्न कार्य समितिमा
पेश गर्नेछ ।

(घ) नेपाली कांग्रेस, जनसम्पर्क समिति र यिनका बिधान, सिद्धान्त र आदर्श बिपरित कार्यगर्ने । सदस्यहरुको लागत तयार गरि कारवाहिका लागि कार्य समितिमा पेश गर्नेछ, कारवाहिमा परेको सदस्यको मताधिकार हुने छैन ।

(ड.) समितिको आर्थिक हिनामिना गरेको, समितिको रकम दिन आलाटाली गरेको, तिर्न अस्विकार गरेको भनि कोषाध्यक्षले दिएको प्रतिबेदनको आधारमा त्यस्तो सदस्य, क्षेत्रिय समिति, र भातृ संस्था उपर छानविन गर्ने, अन्तिम चेतावनि दिने र आवस्यक परेमा कारवाहिको लागि सिफारिस गर्ने ।

(ङ) अन्य कार्यबिधि तोकिए बमोजिम हुनेछ ।

## २७. निर्वाचन सम्बन्धी व्यवस्थाः

कार्यसमिति गठन भएको मितिले २ वर्ष पुगनुभन्दा कम्तीमा २ महिना अगाडि कम्तीमा तीन सदस्यीय निर्वाचन समिति गठन गरिनेछ ।

(क) निर्वाचन समितिले निर्वाचन प्रक्रिया आफै तोक्नेछ ।

(ख) निर्वाचन समितिले दिएको निर्णय अन्तिम हुनेछ ।

## २८. उमेदवार र कार्यसमिति सदस्य हुन अयोग्यताः

(क) अष्ट्रेलियाको अध्यागमन कानून अनुसार अष्ट्रेलियामा बस्न अवैधानिक ठहरिएका नेपाली नागरिक । यदि अष्ट्रेलियामा बस्न वैधानिक ठहरिएको कागज पत्र पेश गरेमा योग्य ठहरिने छ । वा

(ख) संस्थाको विधान अनुसार सदस्यता प्राप्त नगरेको व्यक्ति । वा

(ग) समितिलाई तिर्न पर्ने रकम नतिरेको ब्यक्ति । वा

(घ) यस बिधानका अन्य धाराहरुमा ब्यबस्था भएअनुसार अयोग्य भएमा वा समितिको हिसाब फछ्र्यौट नगरेमा ।

## २९. अविश्वासको प्रस्तावः

(क) कार्यसमिति वा कार्य समितिभित्रको निर्वाचित कुनै पदाधिकारीप्रति अविश्वासको प्रस्ताव अधिवेशनको २५ प्रतिशतले प्रस्ताव गरेमा अधिवेशनको कायम सदस्य संख्याको दुई तिहाइ बहुमतद्वारा सो प्रस्ताव पारित गर्न सकिनेछ ।

(ख) अविश्वासको प्रस्ताव वर्षमा एक पटकमात्र ल्याउन सकिने छ ।

(ग) सभापतिले कार्यसमिति समक्ष र अन्य सदस्यले सभापति समक्ष राजीनामा दिन सक्नेछन् । त्यस्तो राजिनामा समितिको बहुमतद्वारा स्वीकृत हुन सक्नेछ ।

## ३०. विधान संशोधनः

माथी जे लेखिएको भएतापनि संस्थाको विधान संशोधन गर्न आवश्यक पर्ने भएमा सो कुरा अधिबेशनमा पेश गरि सम्पूर्ण सदस्यहरूको दुई तिहाई सदस्यहरूबाट पारित गरिएमा विधान संशोधन हुनेछ । यस्तो प्रस्ताब कार्यसमिति मार्फत अधिवेशनमा पेश हुनेछ ।

## ३१. नियम बनाउने अधिकारः

यो विधानको उद्देश्य कार्यान्वित गर्न समितिले नेपाली कांग्रेस र यस बिधान विपरित नहुने गरी आवश्यकता अनुसार नियम बनाई लागू गर्न सक्नेछ । समिति अर्न्तगत खुलेका सबै इकाई, भातृ संस्था तथा संस्थागत सदस्य संस्थाका बिधान नियमावलीहरु समितिले स्विकृत गरेपछी मात्र लागुहुनेछ ।

## ३२. अन्य संघ संस्था तथा समितिहरुको अस्तित्व शुन्य हुने :

अष्ट्रेलियामा नेपाली कांग्रेसको इकाईको रुपमा कार्यरत यस समिति अर्न्तगत रहने गरि भनि समितिको विधान, निति, नियमवाहेक कथित नेपाली कांग्रेस संग सम्वन्धित वा लाई सहयोग गर्न खोलिएका कुनै पनि संघ संस्था तथा समितिहरुको अस्तित्व शुन्य हुनेछ र त्यस्ता संघ संस्थालाई नेपाली कांग्रेसबाट मान्यता हुने छैन ।

**३३. व्याख्या गर्ने अधिकारः**

यो विधान र यस अन्तर्गत बन्ने नियमहरूको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

**३४. संस्थाको विघटनः**

संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकि वा अन्य कुनै कारणवश संस्थाको विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा, कागजपत्र र चल अचल सम्पत्ती नेपाली कांग्रेस पार्टी, केन्द्रीय कार्यालय ललितपुर, नेपाललाई हस्तान्तरण गर्नु पर्नेछ ।

**३५. बचाउः**

(क) यो विधानमा लेखिएजति कुरामा यो विधान बमोजिम र नलेखिएकोमा अष्ट्रेलियाको कानूनले जटीलता पैदा गरेमा प्रचलित नेपाली कांग्रेसको विधान बमोजिम हुनेछ ।

(ख) यो विधान लागू हुनुभन्दा पहिले तदर्थ समितिले गरेका सम्पूर्ण कार्यहरू यसै विधान बमोजिम गरेको सरह हुनेछ ।

(ग) यो विधान लागु हुंदाका बखत कायम रहेको कार्यसमिति यसै विधान बमोजिम गठन भएको मानिने छ ।

(घ) माथि जेसुकै लेखिएको भए पनि नेपाली कांग्रेस केन्द्रीय समितिको विधानसंग बाझिएको खण्डमा नेपाली कांग्रेस केन्द्रीय समितिको निर्णय बमोजिम हुनेछ ।

(समाप्त)